# विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन (पहिलो संशोधन) निर्देशिका, २०७१

पहिलो शंशोधन - २०७१/०२ /२०

## प्रस्तावनाः

विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवन्धबाट कार्यमूलक, व्यवहारिक, प्राविधिक तथा व्यवसायिक सीपयुक्त जनशक्ति उत्पादन गरी श्रम बजारमा सहज प्रवेशको संभावना बढाउन र शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनगर्नका निमित्त विभिन्न निकायहरुको भूमिका र जिम्मेवारी तय गरी विद्यालय क्षेत्र सुधार कार्यक्रमको परिलक्षित उद्देश्य र  लक्ष्य परिपूर्तिका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को  सिफारिस र शिक्षा ऐन २०२८ (शंसोधन सहित) तथा  शिक्षा नियमावली, २०५९( शंसोधन सहित)  को नियम १९२ (ङ) को अधिकार प्रयोग गरी नेपाल सरकार शिक्षा मन्त्रालयबाट यो निर्देशिका जारी गरिएको छ ।

### परिच्छेद - १
### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यो निर्देशिकाको नाम "**विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन (पहिलो संशोधन)  निर्देशिका २०७१**" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार शिक्षा मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

(क) "**मन्त्रालय**" भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

(ख) "**विभाग**" भन्नाले शिक्षा विभाग सम्झनुपर्छ ।

(ग) "**परिषद्**" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सम्झनुपर्छ ।

(घ) "**निर्देशनालय**" भन्नाले क्षेत्रीय शिक्षा निर्देशनालय सम्झनुपर्छ ।

(ङ) "**क्षेत्र कार्यालय**" भन्नाले परिषद् अन्तर्गतको क्षेत्रीय कार्यालय सम्झनुपर्छ ।

(च) "**शिक्षालय**" भन्नाले परिषद् अन्तर्गत आँगिक रुपमा संचालित  शिक्षालय सम्झनुपर्छ ।

(छ) "**विद्यालय**" भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालयबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति, स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ज) "**अनिवार्य विषय**" भन्नाले नेपाली, अंग्रेजी, विज्ञान र गणितलाई सम्झनुपर्छ ।

(झ) "**प्राविधिक विषय**" भन्नाले प्राविधक क्षेत्रका विभिन्न विधागत विषय सम्झनुपर्छ ।

(ञ) "**निरीक्षक**" भन्नाले शिक्षा नियमावली २०५९ अनुसार नियूक्त विद्यालय निरीक्षक सम्झनु पर्दछ । सो शब्दले सामूदायिक विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक  शिक्षा निरीक्षण गर्न तोकिएको कर्मचारी समेत जनाउँछ ।

(ट) "**निर्देशक समिति**" भन्नाले परिच्छेद २ को दफा ३(क) बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ठ) "**विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा**" भन्नाले विद्यालयहरुमा कक्षा ९ देखि सञ्चालनहुने प्राविधिक तथा व्यावसायिक शिक्षा धार सम्झनुपर्छ ।

## परिच्छेद- २
## समिति

### ३. केन्द्रीय निर्देशक समिति

(क) विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सुचारु रुपमा सञ्चालन गर्ने गराउने व्यवस्था गर्न केन्द्रीयस्तरमा देहाय बमोजिमको केद्रीय निर्देशक समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | सचिव - शिक्षा मन्त्रालय | अध्यक्ष |
| २ | उपाध्यक्ष - प्रा.शि. तथा व्या.ता. परिषद् | सदस्य |
| ३ | सदस्य-सचिव - प्रा.शि. तथा व्या. ता. परिषद् | सदस्य |
| ४ | सह-सचिव - शिक्षा मन्त्रालय, योजना महाशाखा | सदस्य |
| ५ | महा निर्देशक -शिक्षा विभाग | सदस्य |
| ६ | सह-सचिव - शिक्षा मन्त्रालय, शैक्षिक व्यवस्थापन महाशाखा | सदस्य |
| ७ | प्रतिनिधि - राष्ट्रिय योजना आयोग शिक्षा हेर्ने (सहसचिव) | सदस्य |
| ८ | कार्यकारी निर्देशक - पाठ्यक्रम विकास केन्द्र | सदस्य |
| ९ | कार्यकारी निर्देशक - शैक्षिक जनशक्ति विकास केन्द्र | सदस्य |
| १० | परीक्षा नियन्त्रक - परीक्षा नियन्त्रण कार्यालय | सदस्य |
| ११ | प्रतिनिधि - अर्थ मन्त्रालय (सह सचिव) | सदस्य |
| १२ | प्रतिनिधि - स्थानीय विकास मन्त्रालय (सहसचिव) | सदस्य |
| १३ | प्रतिनिधि - उद्योग मन्त्रालय (सहसचिव) | सदस्य |
| १४ | श्रम तथा राजगार विभाग (महानिर्देशक) | सदस्य |
| १५ | अध्यक्षबाट मनोनित - २ जना (सरोकारवाला विषय विज्ञ) | सदस्य |
| १६ | निर्देशक - योजना महाशाखा, परिषद् | सदस्य |
| १७ | निर्देशक - शैक्षिक व्यवस्थापन महाशाखा, शिक्षा विभाग | सदस्य-सचिव |

### (ख) केन्दीय निर्देशक समितिको बैठक र कार्यविधिः

१. समितिको बैठक अध्यक्षले तोके बमोजिमको स्थान र समयमा बस्नेछ ।
२. कूल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरुको उपस्थिति बैठकका लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।
३. समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।
४. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।
५. समितिका अध्यक्ष र सदस्यको बैठक भत्ता अर्थ मन्त्रालयबाट निर्धारीत मापदण्ड अनुसार हुनेछ ।
६. पदेन बाहेक अन्य सदस्यहरुको पदावधि २ वर्षको हुनेछ । आवश्यकताअनुसार सदस्यहरुको पदावधि समाप्त भए पछि पुनः मनोनित हुन सक्नेछ ।

### (ग) केन्दीय निर्देशक समितिको काम, कर्तव्य र अधिकारः

१. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने र यससँग सम्बन्धित विभिन्न संस्थाहरुसँग समन्वय गर्ने र आवश्यक मार्ग दर्शन प्रदान गर्ने ।
२. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनका लागि विद्यालय छनोटका आधार तय गर्ने तथा त्यस्तो मापदण्डमा समयानुकुल परिमार्जन गर्ने ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरुको अन्तिम छनोट गर्ने ।

४. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न आवश्यक आर्थिक स्रोतको व्यवस्था गर्ने ।
५. विद्यालयमा दिइने प्राविधिक तथा व्यावसायिक शिक्षा समयानुकूल प्रभावकारी एवं गुणस्तरीय बनाउन कार्यान्वयन समितिहरु र सम्बन्धित सरोकारवाला निकायहरुलाई आवश्यक निर्देशन दिने ।
६. विद्यालयमा कक्षा ९ बाट प्राविधक तथा व्यावसायिक शिक्षा धार तर्फ प्रदान गरिने प्रमाण पत्रको मान्यता र उत्पादित जनशक्तिको रोजगारी सम्बन्धमा समन्वय गर्ने ।
७. यस प्रणालीमा संलग्न हुने जनशक्ति (प्रशिक्षक) को स्थायित्व र वृत्ति विकाश गर्न आवश्यक काम गर्ने ।
८. जीवनोपयोगी रोजगारीमुलक सीपयुक्त शिक्षालाई सहजरुपमा भरपर्दो पहुँचको आधार बनाउन आवश्यक वातावरण तयार गर्ने ।
९. राष्ट्रिय उत्पादकत्व वृद्धि गर्न सहयोग पुग्ने सीपयुक्त जनशक्ति विद्यालय तहबाट स्थानान्तरण गर्ने उद्देश्यलाई पुरा गर्ने गरी नियमित मूल्याङ्कन प्रणालीको आधार तयार गर्ने ।
१०. निर्धारित नीति नियम विपरित कुनै कार्य गरेको पाइएमा त्यस्तो कार्य गर्ने विद्यालयको प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनको स्वीकृति, स्थगन र रद्द समेतको अन्तिम कारवाही गर्ने ।

## ४. केन्द्रीय व्यवस्थापन समिति :

(क) विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन गर्न गराउन प्रशासनिक तथा आर्थिक पक्ष व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको केन्द्रीय व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | महा-निर्देशक -शिक्षा विभाग | अध्यक्ष |
| २ | कार्यकारी निर्देशक - पाठ्यक्रम विकास केन्द्र | सदस्य |
| ३ | कार्यकारी निर्देशक - शैक्षिक जनशक्ति विकास केन्द्र | सदस्य |
| ४ | परीक्षा नियन्त्रक - परीक्षा नियन्त्रण कार्यालय | सदस्य |
| ५ | निर्देशक - योजना तथा अनुगमन महाशाखा, शिक्षा विभाग | सदस्य |
| ६ | निर्देशक - शैक्षिक ब्यवस्थापन महाशाखा, शिक्षा विभाग | सदस्य |
| ७ | निर्देशक - परिषद्, योजना महाशाखा | सदस्य |
| ८ | नियन्त्रक - परिषद्, परीक्षा नियन्त्रण कार्यालय | सदस्य |
| ९ | निर्देशक - परिषद, पाठ्यक्रम महाशाखा | सदस्य |
| १० | निर्देशक - परिषद्, एनेक्स महाशाखा, | सदस्य |
| ११ | कार्यकारी निर्देशक - प्राविधिक शिक्षण प्रशिक्षण प्रतिष्ठान | सदस्य |
| १२ | उपसचिव - उच्च तथा प्राविधिक शिक्षा शाखा, शिक्षा मन्त्रालय | सदस्य |
| १३ | उपसचिव - नीति निर्धारण समिति शिक्षा मन्त्रालय | सदस्य |
| १४ | उपसचिव - शिक्षा मन्त्रालय नीति विश्लेषण तथा योजना शाखा | सदस्य |
| १५ | उपनिर्देशक- शिक्षा विभाग कार्यक्रम तथा बजेट शाखा | सदस्य |
| १६ | उपनिर्देशक - शिक्षा विभाग प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा | सदस्य-सचिव |

**(ख) केन्द्रीय व्यवस्थापन समितिको बैठक र कार्यविधिः**

१. समितिको बैठक अध्यक्षले तोके बमोजिमको स्थान र समयमा बस्नेछ । कूल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरुको उपस्थिति बैठकका लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

२. समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३. समितिका अध्यक्ष र सदस्यको बैठक भत्ता अर्थ मन्त्रालयबाट निर्धारित मापदण्ड अनुसार हुनेछ ।

**(ग) केन्द्रीय व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार निम्नानुसारको हुनेछः**

१. केन्द्रीय निर्देशक समितिले तय गरेको नीति नियम कार्यन्वयन गर्ने ।

२. बिद्यालयतहमा प्राविधिक तथा व्यवसायीक शिक्षा कार्यान्वियनका लागि आीर्थक,प्रशासनिक तथा अन्य व्यवस्थापकिय पक्षमा समन्वय तथा सहजिकरणको व्यवस्था मिलाउने ।

३. मातहतका समन्वय समिति र जिल्ला कार्यन्वयन समितिलाई विद्यालय छनौट, सञ्चालन, व्यवस्थापन, प्रशासनिक अनुगमन र कार्यवाही सम्वन्धमा आवश्यक निर्देशन दिने ।

४. क्षेत्रिय समन्वय समितिबाट विद्यालय छनौटको लागि गरिएको सिफारिसलाई आवश्यकता अनुसार जाँचबुझ गरी केन्द्रिय निर्देशक समितिमा सिफारिस गर्ने ।

५. विद्यालय तहमा सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षाको सामयीक तथा नियमित रूपमा अनुगमन,सुपरीबेक्षण तथा मूल्याङ्कनको व्यवस्था गर्ने गराउने ।

६. शिक्षा मन्त्रालयबाट प्राप्त अनुदानको बाँडफाँड शिक्षा विभाग मार्फत गर्ने ।

## ५. केन्द्रीय प्राविधिक समिति

क. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन गर्न, गराउन र प्राबिधिक पक्षको व्यवस्थापन गर्नको लागि देहायका पदाधिकारी एवं सदस्यहरु रहने गरी केन्द्रीय प्राविधिक समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | उपाध्यक्ष - परिषद् | अध्यक्ष |
| २ | सदस्य सचिव - परिषद् | सदस्य |
| ३ | महानिर्देशक - शिक्षा विभाग | सदस्य |
| ४ | कार्यकारी निर्देशक - शिक्षा मन्त्रालय, पाठ्यकम विकास केन्द्र | सदस्य |
| ५ | कार्यकारी निर्देशक - शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र | सदस्य |
| ६ | कार्यकारी निर्देशक - परिषद्, प्राविधिक प्रशिक्षण प्रतिष्ठान | सदस्य |
| ७ | नियन्त्रक - शिक्षा मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालय | सदस्य |
| ८ | निर्देशक - परिषद्, नीति निर्माण तथा योजना महाशाखा | सदस्य |
| ९ | निर्देशक - परिषद्, पाठ्यकम विकास महाशाखा | सदस्य |
| १० | नियन्त्रक - परिषद्, परीक्षा नियन्त्रण कार्यालय | सदस्य |
| ११ | उप-सचिव - राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | सदस्य |
| १२ | उप-सचिव - अर्थ मन्त्रालय | सदस्य |
| १३ | उप-सचिव - शिक्षा मन्त्रालय, नीति विश्लेषण तथा योजना शाखा | सदस्य |
| १४ | उप-सचिव - शिक्षा मन्त्रालय, उच्च तथा प्राविधिक शिक्षा शाखा | सदस्य |
| १५ | निर्देशक - परिषद्, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (एनेक्स) महाशाखा | सदस्य-सचिव |

**ख. केन्द्रीय प्राविधिक समितिको वैठक र निर्णय**

१. समितिको वैठक अध्यक्षले तोके वमोजिम वस्नेछ ।

२. कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरुको उपस्थिति वैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३. समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

४. समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

५. वैठक भत्ता अर्थ मन्त्रालयबाट निर्धारित मापदण्ड अनुसार हुनेछ ।

**ग. केन्द्रीय प्राविधिक समितिको काम, कर्तब्य र अधिकार**

१. केन्द्रीय निर्देशक समितिले तय गरेको नीति नियम कार्यान्वयन गर्ने ।

२. विद्यालय छनौट, संचालन, व्यवस्थापन, अनुगमन र कार्यवाही सम्बन्धमा प्राविधिक व्यवस्थापनतर्फ आवश्यक काम गर्ने ।

३. स्वीकृत पाठ्यक्रम कार्यान्वयन गर्ने गराउने ।

४. पाठ्यक्रम अनुसार पाठ्यसामाग्री परिषद्, पाठ्यक्रम विकास महाशाखा मार्फत निर्माण गर्न लगाउने ।

५. विद्यालय तहका शिक्षक कर्मचारीलाई पाठ्यक्रमले निधार्रण गरे वमोजिम क्षमता (Competency) विकास गर्न प्राविधिक प्रशिक्षण प्रतिष्ठान र शैक्षिक जनशक्ति विकास केन्द्र मार्फत तालिम दिने ।

६. विद्यालयमा दिईने शिक्षा समयानुकूल प्रभाकारी एवं गुणस्तरीय वनाउन पाठ्यक्रम पाठ्यपुस्तक एवम् अन्य संन्दर्भसामग्रि र संलग्न जनशक्तिको प्राविधिक पक्षको सुपरिवेक्षण, अनुगमन र मूल्यांकन गर्ने गराउने ।

७. पाठ्यक्रमले तोके बमोजिम परीक्षा संचालन एवम् मूल्यांकन भए नभएको अनुगमन गर्ने गराउने ।

## ६. <u>क्षेत्रीय समन्वय समितिः</u>

(क) प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन गर्ने विद्यालयको छनोट तथा छनोट भएका विद्यालयहरुमा कार्यक्रम सञ्चालन गर्न क्षेत्रीयस्तरमा तपसिल बमोजिमका पदाधिकारी एवं सदस्यहरु रहेको क्षेत्रीय समन्वय समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | निर्देशक- क्षेत्रीय शिक्षा निर्देशनालय | अध्यक्ष |
| २ | निर्देशक -परिषद क्षेत्र कार्यालय प्रमुख | सदस्य |
| ३ | शिक्षालय प्रमुख मध्ये -१ जना आंगिक प्राविधिक शिक्षालय + | सदस्य |
| ४ | स्थानीय विकास अधिकारी-जिल्ला विकास समिति + | सदस्य |
| ५ | जिल्ला शिक्षा अधिकारी - जिल्ला शिक्षा कार्यालय + | सदस्य |
| ६ | प्रतिनिधि - क्षेत्रीय कृषि निर्देशनालय, उप-सचिव स्तर | सदस्य |
| ७ | प्रतिनिधि - क्षेत्रीय स्वास्थ्य निर्देशनालय, उप-सचिव स्तर | सदस्य |
| ८ | प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालयका प्र.अ. हरु मध्येबाट समितिले मनोनित गरेको १ जना + | सदस्य |
| ९ | उप-निर्देशक - (विद्यालय प्रशासन शाखा) क्षेत्रीय शिक्षा निर्देशनालय | सदस्य |
| + क्षेत्रीय शिक्षा निर्देशनालय रहेका जिल्लाका | | |

**(ख) क्षेत्रीय समन्वय समितिको बैठक र निर्णय**

१. समितिको बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।
२. कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरुको उपस्थित बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।
३. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।
४. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
५. बैठक भत्ता अन्य समितिहरु सरह हुनेछ ।

**(ग) क्षेत्रीय समन्वय समितिको काम, कर्तब्य र अधिकार**

१. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालनको लागि क्षेत्रीय तहका निकायहरुसँग समन्वय र संयोजन गर्ने ।
२. जिल्ला कार्यन्वयन समितिबाट सिफारिस भई आएका विद्यालयहरु मध्ये केन्द्रिय निर्देशक समितिले तय गरेको विद्यालय छनौट आधारको परिधिमा रही क्षेत्रीय सन्तुलन कायम हुने गरी विद्यालय छनौटको लागि केन्द्रीय कार्यन्वयन समिति (प्रशासन तथा आर्थिक) मा सिफारिस गर्ने ।
३. जीवनउपयोगी, रोजगारमूलक सीपयुक्त शिक्षामा सहज एवं भरपर्दो पहुँचको लागि केन्द्रीय निर्देशक समितिले दिएको नीति निर्देशन बमोजिमको वातावरण तयार गर्ने ।
४. शिक्षालाई गुणस्तरीय, समयानुकुल एवंम प्रभावकारी बनाउन निरन्तर प्रशासनिक अनुगमन तथा मुल्याङ्कन गरी अनुगमन प्रतिवेदन केन्द्रीय कार्यान्वयन समितिमा पठाउने ।
५. कुनै ठाउँको विद्यालयमा सञ्चालित विषय कुनै कारणले उक्त ठाउँको लागि उपयुक्त नभएको ठहरिएको अवस्थामा त्यस विद्यालयमा भएका मेशिन, उपकरण र जनशक्ति अन्यत्र उपयुक्त विद्यालयमा सार्न केन्द्रीय कार्यान्वन समितिमा सिफारिस गर्ने र यस विषयमा सम्वन्धित निकायबाट भएको निर्णय कार्यान्वयन गर्न जिल्ला कार्यान्वयन समितिलाई निर्देशन दिने ।
६. जीवनउपयोगी, रोजगारीमुलक सीपयुक्त जनशक्ति उत्पादन गर्न निर्धारित नीति नियम विपरित कुनै विद्यालय लागेको पाइएमा त्यस्ता विद्यालयहरुको स्वीकृति स्थगन, रद्द गर्न केन्द्रीय कार्यान्वयन समितिमा सिफारिस गर्ने र यस विषयमा सम्वन्धित निकायबाट भएको निर्णय कार्यान्वयन गर्न जिल्ला कार्यान्वयन समितिलाई निर्देशन दिने ।

**७. जिल्ला कार्यान्वय समितिः**

(क) विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन गर्न जिल्लास्तरमा तपसिल बमोजिमका पदाधिकारीहरु एवं सदस्यहरु रहेको जिल्ला कार्यान्वय समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | जिल्ला शिक्षा अधिकारी - जिल्ला शिक्षा कार्यालय | अध्यक्ष |
| २ | प्रतिनिधि - परिषद् क्षेत्र, कार्यालय | सदस्य |
| ३ | योजना अधिकृत - जिल्ला विकास समिति | सदस्य |
| ४ | प्रतिनिधि - परिषद्, आंगिक प्राविधिक शिक्षालय | सदस्य |
| ५ | प्रतिनिधि - जिल्ला पशु सेवा कार्यालय, अधिकृतस्तरको | सदस्य |
| ६ | प्रतिनिधि - जिल्ला घरेलु कार्यालय, अधिकृतस्तरको | सदस्य |

| | | |
|---|---|---|
| ७. | प्रतिनिधि - जिल्ला कृषि विकास कार्यालय, अधिकृतस्तरको | सदस्य |
| ८ | प्रतिनिधि - जिल्ला प्राविधिक कार्यालय, अधिकृत स्तरको | सदस्य |
| ९ | शाखा अधिकृत- (विद्यालय प्रशासन शाखा) जिल्ला शिक्षा कार्यालय | सदस्य-सचिव |

**(ख) जिल्ला कार्यान्वय समितिको बैठक र निर्णय**

१. समितिको बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।
२. कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरुको उपस्थिति बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।
३. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् ।
४. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
५. बैठक भत्ता अन्य समितिहरुको सरह हुनेछ ।

**(ग) जिल्ला कार्यान्वयन समितिको काम कर्तब्य र अधिकार**

१. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन सम्वन्धी सरोकारवालाहरुलाई यस विषयमा पूर्ण जानकारी जिल्ला शिक्षा कार्यालय मार्फत दिने ।
२. जिल्ला शिक्षा कार्यालय मार्फत कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयहरुको छनौट प्रक्रियाको आवश्यक व्यवस्था मिलाउने ।
३. जिल्लाको भौगोलिक, सामाजिक, आर्थिक दृष्टिले सन्तुलित रुपमा कार्यान्वयन हुन सक्ने गरी कार्यक्रम सञ्चालन गर्न संभाव्यता अध्ययन गरी विद्यालय छनौटको लागि क्षेत्रीय समन्वय समितिमा सिफारिस गर्ने ।
४. जिल्ला शिक्षा कार्यालय मार्फत कार्यक्रम सञ्चालन भएका विद्यालयहरुको सम्पूर्ण प्रशासनिक तथा आर्थिक अनुगमन तथा मुल्यांकन गरी प्रतिवेदन क्षेत्रीय समन्वय समिति, केन्द्रीय कार्यन्वयन समितिमा पेश गर्ने ।
५. जिल्ला शिक्षा कार्यालय मार्फत आर्थिक एवं भौतिक अनुदान उपलब्ध गराउने । उपलब्ध गराइएको अनुदानको उचित प्रयोग भए नभएको सामाजिक तथा अन्तिम लेखा परीक्षण गर्ने/गराउने ।
६. पहिलो संशोधन बाट हटाइएको,
७. राष्ट्रलाई सहयोग पुग्ने सीपयुक्त जनशक्ति विद्यालयतहबाट स्थानान्तरण गर्ने उद्देश्यले शुरु गरिएको यस कार्यक्रम सञ्चालनका लागि तय भएको नीति नियम विपरित कुनै विद्यालयले गरेको पाइएमा त्यस्ता विद्यालयहरुको स्वीकृति स्थगन, रद्द गर्न क्षेत्रीय समन्वयन समितिमा सिफारिस गर्ने र यस विषयमा सम्वन्धित निकायबाट भएको निर्णय कार्यान्वयन गर्ने ।

## परिच्छेद -३
## पूर्वाधार तथा लेखा व्यवस्थापन

८. **<u>भौतिक पूर्वाधार निर्माण, अनुदान र लेखा प्रणाली सम्बन्धी व्यवस्था</u>** : विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन गर्न निम्नानुसार भौतिक पूर्वाधार, अनुदानको व्यवस्था हुनेछ ।

(क) कक्षा ९ बाट प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन गर्ने विद्यालयहरुले स्वीकृत पाठ्यक्रममा निर्धारित पाठ्यभार अनुसार र अनुसूची १ बमोजिमका आवश्यक भौतिक पूर्वाधार (जग्गा, कक्षा कोठा, कार्यशाला भवन, फर्निचर आदि) जुटाउनु पर्नेछ ।

(ख) प्राविधिक तथा व्यवसायिक शिक्षा संञ्चालन गर्न आवश्यक पर्ने प्रयोगशाला, कार्यशालाका लागि आवश्यक मेशिन, उपकरण, औजार व्यवस्थापनका लागि नेपाल सरकारको स्रोतको साथै सामुदायिक र स्थानीय स्रोतको उपयोग गरिनेछ ।

(ग) कक्षा ९ बाट प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा संचालन गर्ने विद्यालयहरुमा रहेका मौजुदा दरवन्दी शिक्षकहरुबाट अनिवार्य विषयको अध्यापन गराउने र ब्यवस्थापनको लागि कर्मचारीहरु मौजुदाबाटै विद्यालयले ब्यवस्था गर्नु पर्नेछ ।

(घ) प्रत्येक प्राविधिक तथा ब्यावसायिक शिक्षा विषयको कक्षा ९ संचालन गर्ने विद्यालयहरु लाई २ जना प्रशिक्षक (माध्यमिक शिक्षकस्तर सरह) र दुई जना सहायक प्रशिक्षक ( नि.मा.वि. शिक्षक तृतीय श्रेणी सरह) को व्यवस्था गरिनेछ ।

(ङ) विद्यालयको आय ब्ययको लेखा शिक्षा नियमावलीमा तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(च) विद्यालयको लेखाको लेखा परीक्षण शिक्षा नियमावलीमा ब्यवस्था गरे वमोजिम गराउनु पर्नेछ ।

## परिच्छेद- ४

## छनौट, संचालन र ब्यवस्थापन सम्बन्धी व्यवस्था

**९.(क) यो निर्देशिका अन्तरगतको प्राविधिक तथा व्यवसायिक शिक्षा प्रत्येक जिल्लामा कम्तीमा एक विद्यालयको छनोट गरी पहिलो वर्षमा परीक्षणको रुपमा संचालन गरिनेछ ।**

**(ख) विद्यालय छनौटका लागि देहायका प्रकृया अपनाइनेछ ।**

१. शिक्षा विभाग मार्फत ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

२. तोकिएको समयभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा धार संचालन गर्न इच्छुक विद्यालयहरुले सम्बन्धित जिल्लाको जिल्ला शिक्षा कार्यालयमा अनुसूची २ वमोजिम तोकिएको ढाँचामा आवेदन गर्नु पर्नेछ ।

३. विद्यालय छनौट सम्बन्धी अन्य व्यवस्था अनुसूचीमा तोकिए बमोजिम हुनेछ ।

**(ग) विद्यालय छनौटका आधारहरु निम्न हुनेछ ।**

(१) जिल्ला भरको लागि पाएक पर्ने ठाउँ ।
(२) विद्यालय वरपर कक्षा ८ पढाई हुने अन्य विद्यालयको संख्या ।
(३) विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी संख्या ।
(४) विद्यालयमा उपलब्ध शिक्षक/कर्मचारी अवस्था ।
(५) विद्यालयमा उपलब्ध भौतिक सुविधा ।
(६) सेवा /सुविधा ।
(७) प्रयोगात्मक अभ्यास गराउने ठाउँ ।
(८) विद्यालयमा संचालन हुने विषयसँग सम्बन्धी स्थानीय क्षेत्रमा रोजगारीको संभाव्यता ।
(९) विद्यालयको आर्थिक अवस्था (सरकारबाट प्राप्त हुने अनुदान वाहेक) ।
(१०) स्थानीय निकायको सहयोग ।

*(विस्तृत विवरण अनुसूची १ मा छ ।)*

**(घ) कक्षा ९ बाट प्राविधिक तथा ब्यावसायिक शिक्षा संचालन गर्ने विद्यालयहरुले देहायमा उल्लेख भए अनुसार भौतिक पूर्वाधार एवं शैक्षिक व्यवस्थापन गर्नु पर्नेछ ।**

(१) विषय अनुसार आवश्यक जग्गा, कक्षा कोठा, कार्याशाला भवन र आवश्यक फर्निचर ।

(२) पुस्तकालयको ब्यवस्थापन ।

(३) प्रशिक्षकहरुको ब्यवस्थापन ।

(४) विद्यार्थीहरुको ब्यवस्थापन ।

(५) प्राप्त अनुदान जुन कामको लागि दिइएको हो सोही काममा खर्च गरि सोको हिसाव शिक्षा नियमावलीमा तोकिएको ढाँचामा राख्ने र लेखा परिक्षण गराउने ।

(६) कार्यक्रम संचालन गर्न सम्बन्धित निकायबाट दिइएका निर्देशन पालना गर्ने ।

(७) विपन्न विद्यार्थीहरुको लागि आर्थिक सहयोगको खोजी गर्ने ।

**(ङ.) विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा धार संचालन, व्यवस्थापन प्रकृया देहाय वमोजिम हुनेछ ।**

(१) कक्षा ८ (आधारभूत शिक्षा) प्राप्त गरेका इच्छुक नेपालीलाई प्रवेश परीक्षाको माध्यमबाट छनौट गरी प्राविधिक तथा ब्यावसायिक शिक्षा धारको कक्षा ९ मा प्रवेश दिईनेछ ।

(२) परीक्षा नियन्त्रण कार्यालयले परिषद् सगको समन्वयमा प्राबिधिक धार तर्फको एस.एल.सी. परीक्षा समेत सञ्चालन गर्नेछ ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फ कक्षा १० को अध्ययन पश्चात् पाठ्यक्रममा व्यवस्था भए बमोजिमको कार्यगत तालीमको व्यवस्था सम्बन्धित विद्यालयले गर्नेछ ।

(४) कक्षा ९ र १० को लागि पाठ्यक्रममा निर्धारित पाठ्यभारको सैद्धान्तिक अध्ययन र प्रयोगात्मक अभ्यास पूरा गरी तोकिएको अवधि कार्यगत तालिम (अन द जब ट्रेनिङ) सम्पन्न गरेका विद्यार्थीहरुलाई प्राविधिक धार तर्फको एस.एल.सी. तहको प्रमाणपत्र परीक्षा नियन्त्रण कार्यालयले प्रदान गर्नेछ ।

## परिच्छेद -५

## पाठ्यक्रम, परीक्षा र मूल्याङ्कन

१०. प्राविधिक तथा व्यावसायिक तर्फको पाठ्यक्रम मध्ये अनिवार्य विषय (CORE subject) को पाठ्यक्रम शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले विकास गर्नेछ र प्राविधिक तथा व्यावसायिक तालिम परिषद्ले प्राविधिक तथा व्यवसायिक शिक्षा बिषय तर्फको पाठ्यक्रम विकास गर्नेछ ।

११. पाठ्यक्रम विकास केन्द्र र परिषद् दुबैतर्फबाट विकास भएको अनिवार्य विषय (४०० पूर्णङ्क) को पाठ्यक्रम र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयको (६०० पूर्णाङ्क) गरी जम्मा १००० पूर्णाङ्कको पाठ्यक्रम विद्यालयमा सञ्चालन हुने प्राविधिक तथा व्यवसायिक शिक्षा तर्फको पाठ्यक्रम हुनेछ ।

१२. विद्यालयमा सञ्चालनहुने प्राविधिक तथा व्यवसायिक शिक्षा तर्फको पाठ्यक्रम निर्धारण पाठ्यक्रम विकास केन्द्रले र परीक्षा तथा मूल्यांकन सम्वन्धी कार्य परीक्षा नियन्त्रण कार्यालयले गर्नेछ ।

## परिच्छेद -६

## विविध

**१३. अधिकार प्रत्यायोजन गर्न सक्ने**

यस निर्देशिकामा उल्लेखित अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार कुनै निकाय वा अधिकारीहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. आर्थिक ऐन, नियमको प्रक्रिया पूरा गर्नु पर्ने**

यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक कारोवार गर्दा नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियमहरुको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

**१५.** विद्यालयतहमा प्राविधिक तथा व्यवसायिक शिक्षा संचालनका लागि शिक्षा मन्त्रालय अर्न्तगतका विभिन्न निकायहरूलाई शिक्षा मन्त्रालयले आवश्यकता अनुरूप स्पष्ट कार्य जिम्मेवारी तोक्न सक्नेछ ।

**१६.** प्रचलित ऐन, नियमसँग बाझिएको हकमा प्रचलित ऐन, नियम वमोजिम हुनेछ ।

**१७.** यस निर्देशिकामा भएका कुनै विषय अस्पष्ट भएमा केन्द्रिय निर्देशक समितिबाट भएको ब्याख्या नै अन्तिम हुनेछ ।

**१८.** यस निर्देशिकामा रहेको व्यवस्था र सो सँग सम्बन्धित अनुसूची आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

१९. मिति २०६९/०३/२४ मा जारी भएको विद्यालयस्तरमा प्राबिधिक तथा व्यवसायिक शिक्षा सञ्चालन निर्देशिका-२०६९ खारेज गरिएको छ ।

## अनुसूची -१
## विद्यालय छनौटका आधारहरु

**१. जिल्लाभरको लागि पायक पर्ने ठाउँ (अधिकत्तम अंक -५)**

| क.स. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| क. | क्षेत्रीय निकटता | १ | | |
| ख. | मोटर बाटोको सुविधा | २ | | |
| ग. | सार्वजनिक यातायातको सुविधा | २ | | |

**२. विद्यालय ५ कि.मी. वरपरभित्र कक्षा ८ सम्म पढाइ हुने अन्य विद्यालय संख्या (अधिकत्तम अंक -५)**

| क.सं. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| क. | विद्यालय संख्या........× १.० | ५ | | |

**३. निवेदन दिने विद्यालयको कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थी संख्या (अधिकत्तम अंक -५)**

| क.सं. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| क. | छात्रा विद्यार्थी संख्या ........× ०.१० | ३ | | |
| ख. | छात्र विद्यार्थी संख्या ........× ०.०५ | २ | | |

**४. विद्यालयमा उपलब्ध शिक्षक / कर्मचारी (अधिकत्तम अंक -२५)**

| क.स. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| क. | विद्यालयमा संचाल गरिने विषयसँग सम्बन्धित प्राविधिक विषयका<br>माध्यामिक स्तरका शिक्षक संख्या ........× ३.०<br>निम्न माध्यामिक स्तरका शिक्षक .......×२.० | ८ | | |
| ख. | विज्ञान विषयका माध्यामिक स्तरका शिक्षक संख्या .......×२.० | ४ | | |
| ग. | गणित विषयका माध्यामिक स्तरका शिक्षक संख्या .......×२.० | ४ | | |
| घ. | अंग्रेजी विषयका माध्यामिक स्तरका शिक्षक संख्या .......×२.० | ४ | | |
| ङ | नेपाली विषयका माध्यामिक स्तरका शिक्षक संख्या .......×२.० | ४ | | |
| च | कम्प्यूटर अपरेटर | १ | | |

## ५. विद्यालयमा उपलब्ध भौतिक सुविधा (अधिकत्तम अंक -८)

| क.सं. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| क. | थप कक्षा कोठा | | | |
| | ...... वटा ×१.० | २.० | | |
| | | | | |
| ख. | कार्याशाला भवन | | | |
| | ...... वटा ×१.० | ४.० | | |
| | | | | |
| ग. | थप फर्निचर पुग्ने विद्यार्थी संख्या .....×०.०५ | २.० | | |

## ६. सेवा/सुविधा (अधिकत्तम अंक -१४)

| क.सं. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| क. | छात्रावासमा वेड संख्या .....×०.१२५ | ४.० | | |
| ख. | स्वच्छ पिउने पानी | १.० | | |
| ग. | विजुली बत्ती | १.० | | |
| घ. | ल्याण्ड लाइन टेलिफोन | १.० | | |
| ङ. | छात्रा शौचालय क्षमता (एक पटकमा प्रयोग हुन सक्ने) संख्या ......×०.२ | ३.० | | |
| च. | व्यवस्थित पुस्तकालय* | २.० | | |

* व्यवस्थित पुस्तकालय भन्नाले छुट्टै कोठा, पढन वस्ने फर्निचर कम्तीमा १० सेटका दरले पाठ्यक्रम अनुसारका पुस्तक, प्रमुख राष्ट्रिय दैनिक पत्रिका आदि भएको ।

## ७.. प्रयोगात्मक अभ्यास गर्ने ठाउँ (अधिकत्तम अंक -१४)

| क.सं. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| क. | विद्यालयको आफनै स्वामित्वको क्षेत्रभित्र प्रयोगात्मक अभ्यास गराउने क्षमता (विद्यार्थी संख्या) ........×०.२० | १०.० | | |
| ख. | अन्यत्र प्रयोगात्मक अभ्यास गराउन सक्ने क्षमता (विद्यार्थी संख्या) .......×०.१२५ | ४.० | | |

**८. विद्यालयमा संचालन हुने विषयसँग सम्बन्धी स्थानीय क्षेत्रमा रोजगारीको संभाव्यता (अधिकत्तम अंक -६)**

| क.सं. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| क. | स्थानीय क्षेत्रमा विद्यार्थीलाई रोजगारी दिने संभावना (विद्यार्थी संख्या) .......×०.२५ | ६ | | |

**९. संचालन हुने विषयको लागि लाग्ने स)चालन खर्च ब्यहोर्ने विद्यालयको आर्थिक अवस्था (अधिकत्तम अंक -१०)**

| क.सं. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| क. | वार्षिक निश्चित आय रु ....... लाख .......×१.० | १० | | |

**१०. स्थानीय निकायको सहयोग (अधिकत्तम अंक -५)**

| क.सं. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| क. | नियमित वार्षिक रु........ लाख .......×१.० | ५.० | | |

**११. विद्यालय संचालक समितिमा रहेका पदाधिकारीहरु विद्यालयले ९ कक्षादेखि संचालक गर्न खोजेको प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित विशेषज्ञ (अधिकत्तम अंक -३)**

| क.सं. | आधारहरु | अधिकत्तम अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| क. | विशेषज्ञ संख्या .....×१.० | ३.० | | |

कूल अंक भार १०० (एक सय) मध्ये यस विद्यालयले ११ वटा बुँदाहरुमा कूल ......... प्राप्ताङ्क प्राप्त गरेको छ । कैफियत कोलममा उल्लेख अनुसारको आधारमा अंक प्रदान गरिएको हो । कैफियत कोलममा उल्लेख गरिएका ब्यहाराको प्रमाण संलग्न छन् । ब्यहोरा साँचो हो फरक पर्ने छैन ।

**<u>विद्यालयको तर्फबाट</u>**

(.........................)

प्रधानाध्यापक

**<u>मूल्यांकन टोलीका</u>**

संयोजक श्री...................

सदस्य श्री.....................

सदस्य श्री.....................

## अनुसूची -२

श्रीमान् महानिर्देशकज्यू
शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

**मार्फत :**
श्रीमान् जिल्ला शिक्षा अधिकारीज्यू
जिल्ला शिक्षा कार्यालय
..........................

**विषय : कक्षा ९ बाट प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन गर्न स्वीकृति पाउँ भन्ने वारे ।**

**श्रीमान्**

प्रस्तुत विषयमा, शैक्षिक वर्ष २०..... बाट यस विद्यालयमा कक्षा ९ बाट प्राविधिक तथा व्यावसायिक शिक्षा धार अन्तर्गत ...................विषय सञ्चालन गर्न स्वीकृति लिन विद्यालय सञ्चालक समितिको मिति .................... निर्णय भए वमोजिम निवेदन गर्दछु । साथै कक्षा ९ बाट प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन गर्न आवश्यक पूर्वाधार सम्बन्धी विवरणहरु संलग्न गरेको छु ।

मिति :........................

____________________
(.........................)
प्रधानाध्यापक

**विवरण**

१. विद्यालयको नाम ..................................

२. ठेगाना :

अञ्चल : .........................जिल्ला .....................................म.न.पा. /न.पा. /गा.वि.स.

वडा नं. ...........................टोल /ठाउँ ..........................

फोन नं.............................. ईमेल नं...............................

**३. जिल्लाभरको लागि पायकपर्ने ठाउँ :**

| **क.सं.** | **आधारहरु** | |
|---|---|---|
| क. | क्षेत्रीय निकटता | |
| ख. | मोटर बाटोको सुविधा | |
| ग. | सार्वजनिक यातायातको सुविधा | |

**४. विद्यालय वरपर कक्षा ८ सम्म पढाइ हुने अन्य विद्यालय संख्या :**

| **क.सं.** | **आधार** | |
|---|---|---|
| क. | विद्यालय संख्या | |

**५. विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी संख्या :**

| **क.सं.** | **आधारहरु** | |
|---|---|---|
| क. | छात्रा विद्यार्थी संख्या | |
| ख. | छात्र विद्यार्थी संख्या | |

**६. विद्यालयमा उपलब्ध शिक्षक / कर्मचारी :**

| **क.सं.** | **आधारहरु** | |
|---|---|---|
| क. | विद्यालयमा संचाल गरिने विषयसंग सम्बन्धित प्राविधिक विषयका : | |
| | माध्यामिक स्तरका शिक्षक संख्या | |
| | निम्न माध्यामिक स्तरका शिक्षक संख्या | |
| ख. | विज्ञान विषयका माध्यामिक स्तरका शिक्षक संख्या | |
| ग. | गणित विषयका माध्यामिक स्तरका शिक्षक संख्या | |
| ३. | अंग्रेजी विषयका माध्यामिक स्तरका शिक्षक संख्या | |
| ङ | नेपाली विषयका माध्यामिक स्तरका शिक्षक संख्या | |
| च | कम्प्यूटर अपरेटर | |

**७. विद्यालयमा उपलब्ध भौतिक सुविधा :**

| **क.सं.** | **आधारहरु** | |
|---|---|---|
| क. | थप कक्षा कोठा | |
| | ........ वटा | |
| ख. | कार्याशाला भवन | |
| | ........ वटा | |
| ग. | थप विद्यार्थीलाई पुग्ने फर्निचर संख्या | |

**८. सेवा /सुविधाः**

| क.सं. | आधारहरु | |
|---|---|---|
| क. | छात्रावासमा वेड संख्या | |
| ख. | स्वच्छ पिउने पानी | |
| ग. | विजुली बत्ती | |
| घ. | ल्याण्ड लाइन टेलिफोन | |
| ङ. | छात्रा शौचालय क्षमता (एक पटकमा प्रयोग हुन सक्ने) संख्या | |
| च. | व्यवस्थित पुस्तकालय* | |

* व्यवस्थित पुस्तकालय भन्नाले छुट्टै कोठा, पढ्न बस्ने फर्निचर कम्तीमा १० सेटका दरले पाठ्यक्रम अनुसारका पुस्तक, प्रमुख राष्ट्रिय दैनिक पत्रिका आदि भएको ।

**९. प्रयोगात्मक अभ्यास गर्ने ठाउँ :**

| क.सं. | आधारहरु | |
|---|---|---|
| क. | विद्यालयको आफनै स्वामित्वको क्षेत्रभित्र प्रयोगात्मक अभ्यास गराउने क्षमता (विद्यार्थी संख्या) | |
| ख. | अन्यत्र प्रयोगात्मक अभ्यास गराउन सक्ने क्षमता (विद्यार्थी संख्या) | |

**१०. विद्यालयमा संचालन हुने विषयसँग सम्बन्धी स्थानीय क्षेत्रमा रोजगारीको संभाव्यता :**

| क.सं. | आधार | |
|---|---|---|
| क. | स्थानीय क्षेत्रमा विद्यार्थीलाई रोजगारी दिने संभावना (विद्यार्थी संख्या) | |

**११. संचालन हुने विषयको लागि लाग्ने स)चालन खर्च ब्यहोर्ने विद्यालयको आर्थिक अवस्थाः**

| क.सं. | आधार | |
|---|---|---|
| क. | वार्षिक निश्चित आय रु. लाखमा | |

**१२. स्थानीय निकायको सहयोगः**

| क.सं. | आधार | |
|---|---|---|
| क. | नियमित वार्षिक रु. लाखमा | |

**१३. विद्यालय संचालक समितिमा रहेका पदाधिकारीहरु विद्यालयले ९ कक्षा देखि संचालन गर्न खोजेको प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित विशेषज्ञ**

| क.सं. | आधारहरु | |
|---|---|---|
| क. | विशेषज्ञ संख्या | |

मिति.......................

(.........................)